नेपाल सरकार

# गृह मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## विज्ञप्ति

जुनसुकै व्यापार व्यवसाय वा आर्थिक गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम इजाजत लिएको हुनुपर्दछ । जनतालाई आर्थिक लाभ पुऱ्याउने प्रलोभनमा पछिल्लो समय विभिन्न स्वरुपका गैरकानूनी आर्थिक क्रियाकलाप सञ्चालनबाट आम जनसमुदायमा ठगी र असुरक्षाको वातावरण सृजना भएको गुनासाहरु प्राप्त हुने गरेका छन् ।

सूचना प्रविधिको विकाससँगै पछिल्लो समयमा इजाजत नलिई अनलाईन वा विद्युतीय कारोबारका नाममा गाउँ, टोल, समाजमा नेटवर्किङ ब्यबसाय, अनलाईन व्यवसाय, अनलाईन बैंकिङ्ग, अनलाईन सहकारी, अनलाईन बीमा, अनलाईन गेमिङ, घुम्ती बैंकिङ्ग वा यस्तै प्रकृतिका अन्य नाममा व्यवसायीक क्रियाकलाप गैर कानूनी रुपमा फस्टाउँदै गएकोले यस किसिमका अनलाईन वा नेटवर्किङ्ग व्यवसायका नाममा हुने ईजाजत प्राप्त बाहेकका जुनसुकै गतिविधिहरुको निगरानी गर्ने, नियन्त्रण गर्ने र त्यस्ता गैरकानूनी कार्य गरेको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

मितिः २०७८/०९/२३

प्रदीपकुमार कोइराला
सहसचिव/प्रवक्ता